# संघीय संसद
# प्रतिनिधि सभा

**पाँचौं अधिवेशन**

**बैठक संख्या - २२**

## दैनिक कार्यसूची

२०७६ फागुन २१ गते

**बुधबार**

दिनको १:०० बजे

### विशेष प्रस्ताव

१. सम्माननीय सभामुखले निम्नलिखित विशेष प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"सम्माननीय प्रधानमन्त्री श्री के.पी. शर्मा ओलीज्यूको आजै महाराजगञ्जस्थित मनमोहन कार्डियोथोरासिक भास्कुलर एण्ड ट्रान्सप्लान्ट सेन्टरमा मृगौला प्रत्यारोपणको कार्य भैरहेकोमा प्रतिनिधि सभाको यो बैठक सम्माननीय प्रधानमन्त्रीको मृगौला प्रत्यारोपण कार्य सफलताका साथ सम्पन्न होस् भन्ने कामना गर्दछ । साथै उहाँको शीघ्र स्वास्थ्य लाभको समेत कामना गर्दछ ।"

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त कार्यभार थप सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### व्यवस्थापन कार्य

३. सम्माननीय सभामुखले "कारागार विधेयक, २०७६ माथि विचार गरियोस्" भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्नुहुने ।

४. मा० कृषि तथा पशुपन्छी विकास मन्त्री श्री घनश्याम भुसालले "पशु स्वास्थ्य तथा पशु सेवा परिषद् विधेयक, २०७६ माथि विचार गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

५. मा० भौतिक पूर्वाधार तथा यातायात एवं सहरी विकास मन्त्री श्री वसन्त कुमार नेम्वाङ्गले राष्ट्रिय सभामा उत्पत्ति भएको "नेपाल इन्जिनियरिङ परिषद् (पहिलो संशोधन) विधेयक, २०७६ लाई दफावार छलफलको लागि सम्बन्धित समितिमा पठाईयोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

६. मा० युवा तथा खेलकुद मन्त्री श्री जगतबहादुर सुनार (विश्वकर्मा)ले :-

(क) "शिक्षा तथा स्वास्थ्य समितिको प्रतिवेदन सहितको राष्ट्रिय खेलकुद विकास विधेयक, २०७५ माथि छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

(ख) "राष्ट्रिय खेलकुद विकास विधेयक, २०७६ लाई पारित गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### सन्धि सम्झौता

७. मा० गृह मन्त्री श्री रामबहादुर थापाले "अन्तरदेशीय संगठित अपराध विरुद्धको महासन्धि अन्तर्गतको पालेर्मो अभिसन्धि (Palermo Protocol) माथि सामान्य छलफल गरियोस्" भनी प्रस्ताव प्रस्तुत गर्नुहुने ।

### शोक प्रस्ताव

८. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुने :-

"प्रतिनिधि सभाको यो बैठक २०६४ सालको संविधान सभा निर्वाचनमा तत्कालिन ने.क.पा. (माओवादी) को तर्फबाट झापा जिल्ला क्षेत्र नं. १ बाट निर्वाचित सदस्य, कम्युनिष्ट एवं लोकतान्त्रिक आन्दोलनमा क्रियाशील जनपक्षीय नेता धर्म घिमिरेको ७४ वर्षको उमेरमा मिति २०७६ साल फागुन २० गते मंगलबार उपचारको क्रममा मित्रराष्ट्र भारतमा निधन भएकोमा गहिरो शोक प्रकट गर्दछ र उहाँको दिवंगत आत्माको चीरशान्तिको कामना गर्दै शोक-सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

मनोहरप्रसाद भट्टराई
संघीय संसदको महासचिव